


Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS, Lalbandi Sarlahi
JANAJYOTI JOURNAL
ISSN: 2961-1563 (Print)

# मनोविश्लेषणका आधारमा सुम्निमा उपन्यासको विवेचना

प्रकाशचन्द्र खत्री
pkkhatri074@gmail.com

## सार

*प्रस्तुत लेखमा सुम्निमा उपन्यासलाई सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्त अनुरूप विवेचना गरिएको छ । एड्लर, युङ, फ्रायडलगायतले अघि सारेको यौनमनोवैज्ञानिक दृष्टिकोण तथा मान्यता नै यस अध्ययनको सैद्धान्तिक आधार रहेको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यास मनोविश्लेषणात्मक विषयवस्तुमा आधारित चरित्र प्रधान उपन्यास हो । यसमा स्थूल शरीर र अमर आत्मालाई वर्णनात्मक शैलीमा पुराकथाको कल्पनाको पृष्ठभूमिमा विश्लेषण गरिएको छ । उपन्यासमा अचेतन मनको विश्लेषण तथा फ्रायडीय सिद्धान्तको यौनवादी मूल तत्त्वलाई अवलम्बन गरिएको छ । यस उपन्यासमा फ्रायडवादी कोइरालाले यही मूल तत्त्वलाई प्रतिपाद्य विषयवस्तु बनाएका छन् । सुम्निमा, सोमदत्त तथा पुलोमाको त्रिकोणात्मक सम्बन्धको मियोमा उपन्यासका घटनाक्रमलाई अगाडि बढाएर उनले आफ्नो यौनवादी मान्यतालाई व्यक्त गरेका छन् । शारीरिक प्रेम, शरीर सुख, यौन सन्तुष्टि र कामवासनाद्वारा सञ्चालित मानव मन र मस्तिष्कको परिचालन नै यस उपन्यासमा प्रयुक्त यौन मनोविज्ञान हो । प्रस्तुत उपन्यास विशेषत: पात्रका उपाहम्को द्वन्द्व उद्घाटनमा केन्द्रित छ । यसर्थ प्रस्तुत अध्ययन विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यासका मुख्य पात्रहरूबिचको मनोद्वन्द्वलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्ने मूल उद्देश्यमा*

*केन्द्रित छ । यस अध्ययनलाई पुस्तकालयीय सामग्रीको प्रयोग गरी मनोविश्लेषणको सिद्धान्त अनुरूप निगमनात्मक ढाँचामा सम्पन्न गरिएको छ । उपन्यासले अचेतनका प्रेरणामार्फत मानव स्वभावमा पार्न सक्ने प्रभावलाई पात्रको मनोद्वन्द्वका आधारमा सफलतापूर्वक प्रस्तुत गरेको निष्कर्ष प्राप्त भएको छ ।*

**मुख्य शब्दावली :** अचेतन मन, इन्द्रियावेग, जागृतपन, मनोविकार, यौन तृष्णा र सुषुप्त अवस्था ।

## अध्ययनको पृष्ठभूमि

यस अध्ययनमा आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) को चर्चित उपन्यास सुम्निमाका मुख्य पात्रहरूको मनोद्वन्द्वलाई यौनमनोवैज्ञानिक ढङ्गले विवेचना गरिएको छ। आख्यानकार कोइराला आधुनिक नेपाली उपन्यास फाँटका एक सशक्त प्रतिभा हुन् । नेपाली साहित्यमा सिग्मन्ड फ्रायडको विचारलाई कलात्मक संयोजन गर्ने कोइराला नेपाली आधुनिक आख्यान विधामा सर्वप्रथम पाश्चात्य साहित्यलाई भित्र्याउने यौनमनोवैज्ञानिक उपन्यासकार हुन् (कोइराला, २०४५, पृ. ७८) । वि.सं. २०२५ मा तीनघुम्ती उपन्यास प्रकाशन भएपछि विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक व्यक्तित्व सार्वजनिक भएको हो । यसपछि कोइरालाका नरेन्द्रदाइ (२०२६), सुम्निमा (२०२७), मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०) र बाबु, आमा र छोरा (२०४५) उपन्यासहरू प्रकाशित भएका छन् । मनोवैज्ञानिक भावनाको प्रस्तुति तथा यौनमनोविज्ञानभित्र रहने चेतन, अचेतन र अवचेतन मनलाई आख्यानका माध्यमबाट नेपाली परिवेश अनुरूप शल्यक्रिया गर्नु कोइरालाको आफ्नै विशेषता हो (रेग्मी र पोखेल, २०८०, पृ. १२३) । कोइरालाका उपन्यासहरू अस्तित्ववादी, विसङ्गतिवादी नारीवादी, नियतिवादी, मानवतावादी तथा पुरुष तथा नारी यौनमनोविज्ञान प्रवृत्तिमा आधारित भएर लेखिएका छन् । राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादीका रूपमा आफ्नो पहिचान बनाएका कोइरालाले आफ्नो अथक साधनाद्वारा नेपाली साहित्यलाई विश्व साहित्यको दाँजोमा उभ्याउन सफल बनाए ।

वि.सं. १९९२ मा कोइरालाले पाश्चात्य साहित्यको फ्रायडीय मनोविश्लेषणलाई नेपाली साहित्यमा भित्र्याइ कथा, आख्यान र उपन्यासमा सफल प्रयोग गरेका छन् । आफ्ना उपन्यासमा दर्शन र विचारलाई महत्त्वपूर्ण स्थान दिँदै सुन्दर कथाशिल्पीले सिँगार्न

सफल कोइराला प्रकृतिको चित्रण तथा मानवतावादीको प्रभावलाई सटिक रूपले प्रस्तुत गर्न सिपालु छन् (देवकोटा, २०६५, पृ. ५३) । कोइरालाका उपन्यासमा मानव जीवनको आन्तरिक समस्यालाई सामाजिक सन्दर्भमा जोडेर केलाउने प्रयास गरिएको देखिन्छ। उनले सुम्निमा उपन्यासमा जीवनका अवचेतन इन्द्रियावेगको दमनमा आधारित सभ्यता र चेतन वृद्धि विवेकका नाममा स्थापित मूल्य मान्यता र आदर्शका कुराहरू एकातर्फ गरेका छन् भने अर्कोतर्फ नरनारीका मानवीय मनका अन्तरकुन्तरमा दबिएर रहेका यौन तृष्णा र आकाङ्क्षालाई पनि प्रस्तुत गरेका छन्। यस अध्ययनमा सुम्निमा, सोमदत्त तथा पुलोमाको त्रिकोणात्मक अन्तर्सम्बन्धलाई उजागर गर्दै फ्रायडको चेतन, अवचेतन मन सम्बन्धी दृष्टिका साथै मानव मनका काम, वृत्ति, इद, अहम् र पराहम् तथा एड्लरको हीनताग्रन्थि र उच्चग्रन्थि सम्बन्धी मनोविश्लेषणात्मक चित्रण पनि गरिएको छ।

## समस्या कथन र उद्देश्य

यस अध्ययनमा उपन्यासका सुम्निमा, सोमदत्त तथा पुलोमाको मानसिक अन्तर्द्वन्द्व केकस्तो छ र त्यसलाई कसरी प्रतिबिम्बित गरिएको छ भन्ने मूल समस्यालाई केन्द्रमा राखिएको छ। यसका आधारमा सुम्निमा उपन्यासका मुख्य पात्रहरूको मनको अन्तरकुन्तरमा दबिएर रहेका यौन तृष्णा र आकाङ्क्षालाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति प्राथमिक सामग्रीका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यास रहेको छ। उपन्यासभित्र रहेका पात्र, घटनाक्रम, कथा, उपकथा आदि यस अध्ययनका प्राथमिक सामग्री हुन्। यसका साथै मनोविश्लेषण सम्बन्धी उपलब्ध सैद्धान्तिक ग्रन्थ तथा सुम्निमा उपन्याससँग सम्बन्धित समालोचनात्मक कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तको व्याख्या र विश्लेषण गरिएका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्रीको अध्ययन गरिएको छ। सामग्री सङ्कलनार्थ पुस्तकालयीय स्रोतलाई प्रमुख आधार बनाइएको छ। प्रस्तुत उपन्यासमा पात्रहरूको अन्तर्मनका पीडा, वेदना उकुसमुकुस तथा मनोविकारको उद्घाटन गर्ने प्रयास गरिएको छ।

## विश्लेषणको सैद्धान्तिक पर्याधार

प्राचीन कालदेखि नै मानवीय मन, स्वभाव र गतिका बारेमा चिन्तनमनन हुँदै आइरहेको पाइन्छ। विशेषतः यस सम्बन्धी सिग्मन्ड फ्रायडले गहन अध्ययन, अनुसन्धान गरी नवीनतम रूपमा मनोविज्ञानसम्बद्ध व्याख्याविश्लेषण गरेका छन्। यो आधुनिक मनोविज्ञानको क्षेत्रमा देखिएको नौलो र सर्वाधिक चर्चित सिद्धान्त हो (बराल, २०७२ पृ. ५८) । मनोविज्ञानमा मानसिक द्वन्द्वको विशेष रूपले अध्ययन गरिएको हुन्छ । यसमा विशेषतः फ्रायड, एडलर, युङ्गका सिद्धान्तका आधारमा मनोद्वन्द्वको चर्चा गरिएको छ। दुई व्यक्ति, वस्तु वा शक्तिबिचको आपसी अन्तर्विरोधलाई द्वन्द्व भनिन्छ । द्वन्द्व बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । व्यक्ति आफैँसँग नभई अरूसँग जुध्ने प्रक्रियालाई बाह्य द्वन्द्व भनिन्छ । मान्छेका मनभित्र अनेक इच्छा र चाहना हुन्छन् । ती सबैलाई एकै पटकमा पूरा गर्न सकिँदैन । एउटा इच्छा पूरा गर्न अन्य इच्छालाई दमन गर्नुपर्दा आन्तरिक द्वन्द्व उत्पन्न हुन्छ । मान्छेका मनमा दुईभन्दा बढी परस्पर विरोधी प्रकृतिका इच्छा उत्पन्न भई द्विविधायुक्त मानसिकताले गर्दा व्यक्तिले तुरुन्तै निर्णय गर्न सक्दैन । यही व्यक्तिको द्विविधाग्रस्त मानसिकतामा उत्पन्न भएको सङ्घर्षलाई नै अन्तर्द्वन्द्व भनिन्छ (काशिनाथ, सन् १९७५, पृ. ४६) । द्वन्द्व र मनोद्वन्द्वको अर्थलाई स्पष्ट पार्ने सन्दर्भमा फ्रायडले मानवीय जीवन अन्तर्द्वन्द्वको शृङ्खलाले मिलेर बनेको छ भनेका छन् (सिंह र तिवारी, सन् १९८४, पृ. ९०) । उनले मनको स्वरूप, मानव व्यवहारमा अचेतनको प्रेरणा, मूल प्रवृत्ति, कामवृत्ति, दमन र त्यसको परिणति जस्ता विषयहरूलाई वैज्ञानिक आधारमा प्रकाश पारेका छन् । उनले मान्छेका मनमा चेतन, अचेतन, अवचेतन गरी तीन तह हुन्छन् भनेका छन्। उनले यी तीन पक्षद्वारा मान्छेका इच्छा चाहनामा बाधा उत्पन्न भएमा ऊभित्र विभिन्न किसिमका कुण्ठा, नैराश्यता उत्पन्न हुनगई द्वन्द्वको सिर्जना हुन्छ भन्ने कुरालाई व्यक्त गरेका छन् (दाहाल, २०५७, पृ २०) । अलफ्रेड एडलर (सन् १८७०-१९३७) ले मानसिक चर्चाका क्रममा व्यक्तिभित्र हीनताग्रन्थि र उच्चताग्रन्थिद्वारा द्वन्द्वको अभ्युदय हुने अभिमत प्रकट गरेका छन्। मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा उनले मान्छे मूलतः अचेतन मनको प्रेरणाले परिचालित हुन्छ र त्यो अनैतिक एवम् पाशविक स्वरूपको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (रग्मी, २०५०, पृ. १६३)। मानवीय मन र जीवन सम्बन्धी यस प्रकारको नौलो तथ्यले परम्परागत मूल्य र मान्यतामा प्रश्न चिन्ह खडा गरी कौतुहलता सिर्जना गरेको छ। विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यास पनि फ्रायडको सिद्धान्तबाट प्रभावित भएको देखिन्छ। मनोविश्लेषणको सम्बन्धमा कोइरालाको धारणा यस्तो रहेको छ, “काम महत्त्वपूर्ण पक्ष हो। यसलाई कुण्ठित हुन दिनुहुँदैन। मानसिक रुग्णताको कारण व्यक्तिमा विकृति, वितृष्णा र नैराश्य आउँछ” (कोइराला, २०५४, पृ. २२)।

व्यक्ति र मनका बिचमा अन्तर छ । कामवृत्तिलाई कुण्ठित हुन नदिई उन्मुक्त हुन दिनुपर्छ । यौनलाई खुल्ला छाडिदिएमा उत्सुकता घटी विकृति घट्छ । उत्सुकता कम रहँदा विकृतिजन्य भावना रहँदैन (ढकाल, २०६०, पृ. २७) । मानिसको रुग्णताका कारणबाट व्यक्तिको मनस्थितिमा विकृति, वितृष्णा र नैराश्यको बिस्तार हुन्छ । व्यक्तिको अन्तर्मनलाई केलाउन गहिरिनुपर्छ । व्यक्ति मनको अनन्त रहस्यको उद्घाटन गर्न सकिन्छ । व्यक्तिका भौतिक, मानसिक समस्या जटिल हुन्छन् । मानवका अन्तर्मनका नयाँ मूल्य पहिल्याउन युगबोध, जीवनबोधको समन्वित रूप हो । उनको विचारमा व्यक्तिको अन्तर चेतनालाई भित्री स्वरूप उद्घाटन गर्न यौन रतिराग आएको हो ।

## सुम्निमा उपन्यासको विश्लेषण

सुम्निमा उपन्यास मनोविश्लेषणात्मक विषयवस्तुमा आधारित परिष्कृत शैलीको उपन्यास हो । यसमा स्थुल शरीर र अमर आत्मालाई वर्णनात्मक शैलीमा पुराकथाको कल्पनाको पृष्ठभूमिमा विश्लेषण गरिएको छ। सुम्निमा, सोमदत्त तथा पुलोमाको त्रिकोणात्मक सम्बन्धको मियोमा उपन्यासका घटनाक्रमहरू अगाडि बढेका छन् । यसमा सूर्यदत्त, बिजुवा र भिल्ल युवकको सहयोगी भूमिका देखिन्छ। सुम्निमाका पात्रहरू झट्ट हेर्दा पूर्वीय पौराणिक कथाका पात्र जस्ता देखिए पनि उपन्यासको अध्ययन गर्दै जाँदा यो प्राचीन र अर्वाचीन कथा नभएर यो मूलतः मान्छेकै कथा हो । मान्छेको मूल प्रवृत्ति र स्वभाव जहिले पनि उस्तै हुन्छ । उपन्यासको प्रारम्भमै भनिएको छ, “यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृत्तान्त हो । यसको महत्त्व पौराणिक छ, सङ्केतमय प्रतीकात्मक छ” (कोइराला, २०५४, पृ. १) ।

यस उपन्यासको कथावस्तु सोमदत्तको सेरोफेरोमा केन्द्रित छ र उसको सिङ्गो जीवनलाई समेटेको छ । कथानकलाई गति दिने पात्र सोमदत्त हो । कथानक उसको बाल्यकालबाटै आरम्भ हुन्छ । उसको विकाससँगै कथानकको विकास हुन्छ र उसको मृत्युसँगै कथावस्तु पनि टुङ्गिन्छ । हरेक घटनासँग कुनै न कुनै रूपमा उसको संलग्नता देखिन्छ । सुम्निमा र पुलोमाको सन्दर्भ पनि सोमदत्तसँगै जोडिएको हुन्छ । सोमदत्तको बाल्यकाल अन्य बालबालिकाहरूको जस्तो स्वतन्त्र भएर बित्न पाउँदैन । मेधावी, तीक्ष्ण बुद्धि, अदभुत स्मरण शक्ति भएका कारण उसलाई श्रेष्ठ ब्राह्मण बनाउने उद्देश्यले उसका आमाबुवाले उसलाई स्वतन्त्र र उन्मुक्त वातावरणमा प्रवेश गर्न दिँदैनन् । सानै उमेरदेखि बालमैत्री वातावरणबाट अलग राखिएको, कठोर नियम बन्धनमा राखिएको र विद्याभ्यासमा बाँधिन पुगेको सोमदत्तले बाल्यकालको रमाइलो वातावरणको अनुभव गर्ने पाउँदैन ।

ब्राह्मणोचित सत्धर्म र नैतिक शिक्षा दिन अरण्यवासमा उपयुक्त हुने महसुस गरी एकान्त स्थानमा पुऱ्याइन्छ । पिता तथा शास्त्रोक्त आदेशलाई शिरोधार्य गर्दै सोहीअनुसार चल्ने उसको दिनचर्या बन्दछ । पुत्रलाई किशोरावस्थामा कडा अनुशासनका राखियो भने ऊ आदिकालका ऋषिहरूको समकक्ष हुन सक्छ भन्ने उनीहरूको विश्वास थियो ।

चतराको आश्रममा पुगेपछि कोसी स्नान, गायत्री जप, प्राणायाम, हवन, वेदपाठ स्वाध्ययन जस्ता क्रियाकलाप नै सोमदत्तका नित्य प्रातःकालीन नियम बन्दछन् । दिउँसो गाई लिएर कोसी तटमा जानु पर्थ्यो । त्यही समय मात्र उसका लागि स्वतन्त्र हुन्थ्यो । त्यही नियमले नबाँधिएको उन्मुक्तिको क्षणमा एक दिन अत्यन्तै आकर्षक शरीर भएकी एउटी सर्वाङ्ग नग्न बालिका सुम्निमासँग भेट हुन्छ । पहिलो भेटमा नै उनीहरूबिच आफ्नो संस्कृति श्रेष्ठ र अर्काको तुच्छ भनेर छलफल हुन्छ । आफू सुसंस्कृत र अनार्यहरू संस्कृतिविहीन ठान्ने सोमदत्तले सुम्निमालाई फरक दृष्टिले हेर्छ तर पनि उसलाई सुम्निमा नजिकिएको नराम्रो भने लाग्दैन । दिनहुँ जस्तोको भेटघाट, परस्पर उत्सुकता, तार्किक बहसले गर्दा सोमदत्त र सुम्निमाको सम्बन्ध प्रगाढ बन्दै जान्छ । आर्य संस्कृतिको सोमदत्त र अनार्य संस्कृतिकी सुम्निमाबिच धर्मसंस्कृतिका बारेमा बहस भए पनि एकआपसमा कटुता भने उत्पन्न हुँदैन ।

किशोरावस्थामा पुगेपछि भने सुम्निमाको नग्न शरीर खड्किन थाल्छ । सुम्निमाले आफ्नो शारीरिक संरचनाको प्रशंसा गर्दा सोमदत्तले त्यसलाई पाप वचन भन्दै शरीर ढाक्न सुम्निमालाई आग्रह गर्दछ । सोमदत्त यौवनावस्थामा प्रवेश गरेपछि उसले यौन तृष्णाको दमन गर्नु निकै कठिन तपस्या हो भन्ने महसुस गर्दछ । उसले सुम्निमाबाहेक अन्य युवतीलाई नजिकबाट देख्नसम्म नपाएकाले उसको मन चञ्चल बन्न पुग्छ ।

> *यौवनको मदप्लावित चाञ्चल्यका साथ सदासर्वदा सुम्निमाको चित्र नै उसको मनमा उदय हुन्थ्यो । (पृ. २२)*

ऊ कामजन्य अतृप्त इच्छालाई दमन गर्न यम, नियम, निधि ध्यान आदि अभ्यासमा संलग्न हुन थाल्छ ।

> *"जतिजति उसको मन सुम्निमातिर आकर्षित हुन्थ्यो त्यति नै तपस्याको समयावधि र कठोरता बढाउँदै जान्थ्यो । (पृ. २०)*

उसले आफूलाई जतिसुकै योग क्रियामा राखे पनि यौवन चञ्चलताको दमन क्षणिक मात्र हुने भएकोले झन् यौन उत्सुकता बढेको कुरा स्पष्ट पार्दछ । यो उसको चरम अन्तर्द्वन्द्वको स्थिति हो ।

*सुम्निमाबाट टाढा रहँदा यस्तो अन्तर्द्वन्द्व चर्किने भए पनि सुम्निमासँग भेट हुँदा उसको विकारयुक्त मन अनायास परिष्कृत र संयम रहन्थ्यो । (पृ. २१)*

*सोमदत्तमा चर्केको अन्तर्द्वन्द्वको उपाहम् (इद) पराहम्को प्रेरणाको परिणति हो । फ्रायडका अनुसार उपाहम् मूल प्रवृत्तिको भण्डार र मानवीय शक्तिको मूल स्रोत पनि । यो सबै इच्छा शक्तिहरूको जननी हो (काशिनाथ, सन् १९७५, पृ. ४७) ।*

*यो कामेच्छासँग सम्बन्धित हुन्छ र आनन्दको सिद्धान्तबाट परिचालित हुन्छ । यसका चाहनाहरू जङ्गली, उच्छृङ्खल र अनैतिक किसिमका हुन्छन् । (पृ. २१)*

नैतिकता, इज्जत र प्रतिष्ठाको यसले ख्याल गर्दैन । सुख प्राप्तिमा मात्रै तल्लिन रहन्छ । वास्तवमा उपाहम् राक्षसी स्वभावको हुन्छ । उपाहम् वंशाणुगत र जन्मजात हुनुको साथै पूर्ण रूपमा अचेतन किसिमको हुन्छ । त्यस्तै पराहम्लाई चाहिँ व्यक्तिलाई सामाजिकीकरणतर्फ उन्मुख गराउने शक्ति मानिन्छ । यसले सामाजिक मर्यादा, नैतिकता र आदर्शको प्रतिनिधित्व गर्दछ । शिशुमा डर, त्रास तथा आमाबाबुको व्यवहारबाट क्रमशः अनुसरण गर्ने प्रक्रियामा हुन्छ । यस प्रकारका परस्पर विरोधी इच्छाहरू एकसाथ उत्पन्न भएपछि एकआपसमा द्वन्द्व सृजना हुन्छ र अन्तर्द्वन्द्वको जन्म हुन्छ ।

उपन्यासको नायक सोमदत्तका उपाहम् र पराहम्का इच्छाहरू एकसाथ सन्तुष्ट हुन नसकेको, एकले अर्कालाई परास्त गर्न खोज्ने भएकोले ऊ अन्तर्द्वन्द्वले ग्रस्त बन्न पुगेको छ । उसको अहम्ले उपाहम् र पराहम्लाई सन्तुलित राख्न सकेको देखिँदैन । उसको पराहम्लाई सजग राखी प्रेरकको रूपमा पिता सूर्यदत्तको भूमिका स्पष्ट हुन्छ । त्यस्तै उपाहम्का स्वभाविक इच्छाहरूलाई उदीप्त बनाइरहने प्रेरकको रूपमा सुम्निमा देखिन्छे । सूर्यदत्तले छोरा सोमदत्तलाई उच्च शिक्षाको कठोर अध्ययन, यज्ञ, जप आदिको नियमका बारेमा समयमै सजग गराउँछन् । अर्कोतर्फ सुम्निमाले आफ्नो शरीरको आफैँ तारिफ गरेर सोमदत्तलाई आकर्षण गराउँछे । यसरी सोमदत्तको उपाहम् र पराहम्लाई उत्तेजित र क्रियाशील तुल्याउन सुम्निमा र सूर्यदत्त आ-आफ्नो स्थानमा सक्रिय देखिन्छन् । सुम्निमाबाट टाढा रहँदा उसको पराहम् प्रबल हुन्छ र उसले सुम्निमा नजिक हुँदा उसको उपाहम् सक्रिय हुने हुँदा उसमा अन्तर्द्वन्द्वको स्थिति रहँदैन । उसले सुम्निमालाई भुल्न जतिसुकै कष्ट गरे पनि पराहम्ले सुम्निमाको स्मृतिलाई दमन गर्न सक्दैन ।

सोमदत्तले जतिसुकै आफूलाई योगध्यानमा संलग्न राख्न खोजे पनि यौनतृष्णाको दमन केवल क्षणिक मात्र हुन्थ्यो । आसनबाट उठ्नासाथ उसको मस्तिष्कमा सुम्निमा

उपस्थित भइरहन्थी । एक दिन सुम्निमाले कामातुर भएर विभिन्न भावभङ्गी प्रदर्शन गर्न थालेपछि सोमदत्तका उपाहम्का इच्छाहरू तीव्र रूपमा सक्रिय हुन थाल्छन् । उसलाई आफ्नो नजिक उभिएकी सुम्निमा सहस्र सूर्यको प्रखरताका साथ उभिएकी जस्तो लाग्न थाल्छ । ऊ टाढै रहे पनि आँधीले वृक्षलाई हल्लाए जस्तै सुम्निमाको उपस्थितिले उसको शरीरलाई वेगका साथ हल्लाएको अनुभूति हुन्छ ।

> *उसका पाँच इन्द्रियहरू असंयमी भएर हिनहिनाइ रहेका थिए । उसको आफ्नो शरीरसम्म पनि आफ्नो नियन्त्रणमा रहेनछ, सुम्निमाको नग्न र सुन्दर शरीरको आकर्षणलाई सहन नसक्ने रहेछ । (पृ. २३)*

उसको पराहम् र उपाहम्को प्रबलतासँग परास्त हुनै सक्दैन । ऊ अत्यन्त कामोत्तेजित भए पनि उसले उसले यस्तो भाव व्यक्त गर्छ :

> *दृढताका साथ मुट्ठी बाँध्यो र मनमनै संकल्प गर्यो, म आफ्नो लक्ष्यलाई शिथिल हुन्न दिन्नँ । (पृ. २४)*

उसले संयम भएर जाऊ, तिमी मेरा आँखा अगाडि नपर भन्न पुग्छ तर यौवनको मादकतामा निष्फल भएकी सुम्निमा सोमदत्तले त्यसो भन्दैमा त्यहाँबाट टाढा हुँदिन । त्यसपछि पनि सोमदत्तमा उसको भावना यसरी व्यक्त हुन पुग्छ :

> *सुम्निमा म भन्दै छु यो तिम्रो शरीर पाप रूप हो, विष हो, फोहोर हो, हटाऊ मेरो अगाडि यो नर्कलाई । (पृ. २६)*

उसले सुम्निमालाई आफ्नो दृष्टिबाट हट्न भने पनि सुम्निमासँग संवाद भइरहँदा उसको दिलमा बेग्लै भाव उत्पन्न हुन्छ :

> *सोमदत्तलाई बिचबिचमा अन्धकार भइरहन्थ्यो, गहिरो अन्धकारमा उसको शरीर डुबेडुबे जस्तो हुन्थ्यो । (पृ. २६)*

यसबाट उसको चेतन र अचेतनको द्वन्द्व स्पष्टै बुझ्न सकिन्छ र सोमदत्तको अन्तर्हृदयमा एक किसिमको सङ्घर्ष उत्पन्न हुन्छ । पराहम्को प्रेरणावश ऊ उपाहम्माथि विजय प्राप्त गर्न आश्रम परित्याग गरी तपस्या गर्न हिँड्छ । अर्कोतिर कामोत्तेजनाको पराकाष्ठामा पुगेकी सुम्निमाले सोमदत्तको व्यवहारबाट अपमानित भएको महसुस गर्दछे । उता कामवासनाबाट पराजित भएको पीडाले रन्थनिएर आफ्नो आश्रमबाट निस्केको सोमदत्तले शरीरमाथि विजय प्राप्तिको लागि कठोर कष्टहरूलाई सहँदै तपस्या गर्दछ । "आकाश उसको

छानो, वायु उसको पहिरन, कन्दमूल उसको भोजन हुँदै गए" (कोइराला, २०५४ पृ.२४१)। उसले निराहार, निर्जला भएर शीतकालमा कैलाश तीर्थको हिमाच्छादित मानसरोवरको जलमा डुबेर ग्रीष्मका दिनमा हिङ्गुलाज तीर्थको मरुभूमिमा पञ्चाग्नि बालेर (पृ. ३१) तपस्या गर्दछ। वास्तवमा उसको तपस्या उपाहम् (अचेतन) इच्छाहरूको दमन गर्ने प्रयास हो । दमनले आन्तरिक सङ्घर्षलाई निराकरण गर्ने गर्दछ । सोमदत्तले कठोर ढङ्गमा अपनाएको दमनको प्रक्रियाले स्वपीडनको रूप लिएको छ। स्वपीडन एक प्रकारको काम विकृति हो। उपाहम् (अचेतन) लाई चरम रूपमा दमन गर्न सफल भएपछि उसले आफूलाई जितेन्द्रीय भएको महसुस गर्छ। जलक्रिडा गरिरहेकी नग्न तरुनीलाई वासनाशून्य दृष्टिले हेर्ने अर्थात् सुम्निमालाई निर्विकार रूपले सम्झन सक्ने भएपछि ऊ चतरा आश्रममा फर्किन्छ। अचेतन इच्छालाई दमन गर्न सम्भव भएसम्मको कष्ट सहेर कृशकाय बनेको सोमदत्तलाई उसकै आमाबुवा समेतले चिन्दैनन्। कठोर यातनाबाट जितेन्द्रीय भएर आश्रममा फर्किएको सोमदत्तलाई सन्तानका लागि विवाह गर्नु पर्दछ भन्ने आमाबुवाको आदेशले अर्को सङ्कट ल्याइदिन्छ। जुन कुराको समाप्तिका निम्ति कठोर साधना गरेको थियो फेरि त्यही काममा होमिनुपर्ने बाध्यता उसमाथि आइपर्दछ। बाबुआमाको आदेशलाई अकाट्य ठान्ने सोमदत्तले विवाह गर्ने आदेशलाई टार्न सक्दैन र पुलोमासँग उसको विवाह हुन्छ। पुलोमा ॠतुमति (रजस्वला) भएको चौथो दिनमा पुत्रेष्टि यज्ञ सम्पन्न गरे पनि वासनाशून्य हृदयले, शारीरिक सुखलाई धर्मविहीन ठान्दै गरिएको समागमबाट पुलोमा गर्भवती हुन सक्दिन । यस्तो खाले प्रक्रिया दोहोऱ्याए पनि सफल हुन नसकेपछि एकआपसमा शङ्काका दृष्टिले हेर्न थाल्छन्। उनीहरू दुवै जना खिन्न, विरक्त र निराशाको कल्पनाले व्यग्र हुन थाल्छन्। यसरी यी दुवै जना एकआपसबाट निराश भएपछि पुलोमाले बालसखा भिल्ल युवकलाई सम्झिन्छे।

हरेकपल्टको पुत्रेष्टि अनुष्ठान असफल भएपछि सोमदत्तको अहम्ले पराहम्लाई सन्तुष्ट बनाइराख्न सक्दैन। पराहम् कमजोर भएको अवस्थामा उपाहम् सक्रिय हुन थाल्छ र सुम्निमाको खोजीमा सोमदत्त आतुर हुन्छ। एक्कासि उसलाई सुम्निमाको बिजुवाको सम्झना आउँछ र बिजुवाको घरमा प्रस्थान गर्दछ। यसरी बिजुवाको घरमा जानु तृप्तिको खोज हो भन्न सकिन्छ। त्यहाँ पुगेपछि सुम्निमाले मायालु हातले स्पर्श गर्दा "सोमदत्तको शरीरभरि खुम्चिएको छाला उपर एकाएक कम्पनको लहर चल्मलायो, गाईवस्तुको आङ जुरुङ भए जस्तै (कोइराला, २०५४, पृ. २४६)। सोमदत्तको अवस्था देखेपछि उसले भनेको कुरालाई यसरी व्यक्त गरिएको छ :

*कठै तिमीलाई आहार पनि त पुगेको छैन । तिमीलाई माया गरेर हेरचाह गरिदिनेसम्म पनि कोही भएन क्यार । (पृ. ४६)*

*सोमदत्तलाई सुम्निमाले त्यसरी माया गरेको देखेर उसको मस्तिष्कमा एउटा ठुलो हलचल पैदा भयो र त्यहाँको सारा दृश्य अवास्तविक लाग्न थाल्यो उसलाई । (पृ. ४७)*

यसरी प्रेमविहीन दाम्पत्य जीवनबाट निराश भएर सुम्निमा कहाँ पुगेको सन्दर्भबाट उसको उपाहम् प्रबल हुन थालेको आभास हुन्छ ।

धर्म निर्वाहका लागि सन्तान भएन भने पितृहरूको उद्धार हुँदैन । सन्तानविना मनुष्य लोकमा आर्जन गरेको धर्म सबै निष्फल हुन्छ, समागममा शरीरले भोग गर्दछ भन्ने किञ्चित पनि नलागेको कुरा बताएपछि बिजुवाले सोमदत्तको मनुवा रिसाएको निष्कर्ष निकाल्छ । मनुवालाई खुसी पार्न मनुवा दहमा नुहाउनुपर्ने सल्लाह छोरी सुम्निमालाई दिन्छ । मनुवा दहमा नुहाउन सोमदत्तलाई सँगै लिएर सुम्निमा एकान्त झाडीभित्र रहेको सुरम्य तालमा पुगेपछि दुवै जना निकै खुसी हुन्छन् र रमणीय दृश्यमा मोहित हुन्छन् । दुब्लो शरीर भएको सोमदत्तलाई नियालेर तिमीलाई भोक लाग्यो होला । केही खाँदैनौ ? भनेर प्रश्न गर्छे र दुध, दही, मह खुवाउँछे अनि सोमदत्त झोलाको सिरानी बनाएर उपरखुट्टी लगाई पल्टिएर सन्तोषको अनुभव गर्दछ । दूध र महले उसलाई तागत प्रदान गर्छ एकछिन् निदाएपछि शरीरले आराम पाउँछ । बिउँझेपछि सोमदत्तले "मलाई त लाग्छ कतै पनि नजाऊँ । यहीँ बसिरहुँ सधैँ भन्दछ ।" सुम्निमाले आफूले ल्याएको सुगन्धित तेल सोमदत्तको शरीरमा लगाइदिन्छे । यसो गर्दा सुम्निमाको हात र नग्न शरीरको स्पर्श पाएर ऊ एक प्रकारको उष्ण शान्तिको तन्द्रामा लट्पटिन्छ । मनुवा दहमा प्रवेश गरी सुम्निमासँग जलक्रिडा गर्दा उसलाई सारा वातावरण नै पुलकित र क्रिडामय लाग्दछ । सुम्निमाले भिजाएको लुगा सोमदत्तको गर्दनमा मल्दै पुछ्दै गर्दा सुम्निमाको नग्न शरीर सोमदत्तको शरीरसँग टाँसिन्छ र सोमदत्तलाई त्यतिखेर स्वर्गको अनुभूति हुन्छ :

*सोमदत्तलाई यस्तो सुखको अनुभव कहिल्यै भएको थिएन । (पृ. ५३)*

सुम्निमाको क्रियाकलापले सोमदत्त अत्यन्त कामोत्तेजित हुन थाल्दछ । उसमा भावनाको प्रवाह भइरहेको भान हुनथाल्छ । त्यसपछि उसले सुम्निमासँग भन्न पुग्छ :

*उसको आँखामा एउटा भगर दिप्ति टल्किरहेको थियो, राति बाघका आँखा जसरी टल्किन्छन् । उसको धड्कन पनि निकै बढेको थियो । (पृ. ५५)*

यसबाट सोमदत्त कोमोत्तेजित भएको छ भन्ने कुरालाई बुझ्न सकिन्छ । यसमा भावनाहरूमा हलचल आएको कुरा प्रस्ट हुन्छ । यसमा कथाकारले अझै यसरी प्रस्ट्याएका छन् :

> *सुम्निमाले सोमदत्तलाई आफूसँग टाँसेर आलिङ्गनमा बेर्दै उसको मुखमा चुम्बन गरेर छाडेपछि सोमदत्तको ओठ अग्नि स्पर्शले पोले जस्तो भइरहेको थियो । ऊ उत्तेजित थियो चञ्चल थियो (पृ. ५७) ।*

सुम्निमाको आलिङ्गन र चुम्बनले सोमदत्तको दमित कामवृत्ति छचल्किन्छ। सुम्निमा सोमदत्तको अचेतन इच्छाको उद्दीपक मात्रै हो । त्योभन्दा अघि बढ्न उसलाई बिजुवाले निषेध गरेको छ। बिजुवाले सिकाएको विधिअनुसार सुम्निमाले सोमदत्तलाई भिल्ल परिधानमा सिँगारिदिन्छ । आफूले हृदयदेखि नै प्रेम गरेको सोमदत्तलाई पाउन नसकेर अतृप्तबोध गरेकी सुम्निमाले सोमदत्तलाई आलिङ्गनमा बेरी उसको मुखमा चुम्बन गरेर आफ्नो अतृप्त कामेच्छा पोख्न पुग्छे । अर्कोतिर पुलोमालाई त्यस दिन निकै अल्छी र दिग्दारी लागिरहन्छ । ऋतुमती भएको चौथो दिन उही निरर्थक पुत्रेष्टि यज्ञको सम्झनाले उसलाई शिथिल तुल्याउँछ र आज नचोखिए पनि हुन्थ्यो भन्ने लाग्छ। उसको स्मृतिमा भिल्ल युवकले च्याइरहेको अनुभूति हुन्छ । उसको मनमा सोमदत्त पुत्रेष्टि कार्यको लागि नियुक्त व्यक्ति ठहरिन्छ । सोमदत्तप्रति अब उसको कुनै भावनात्मक सम्बन्ध बाँकी रहन्न ।

सन्तान मात्र भएको भए पनि उसले सन्तोष गर्थी होला तर उसबाट सन्तान पनि हुन सकेको छैन । जीवनको विराट निस्सारतामा एक्लोपनको अनुभव गर्दागर्दै उसले कालो चिल्लो शरीर भएको भिल्ल युवकलाई सम्झिन्छे । पुत्रेष्टि अनुष्ठान असफल भएपछि उसको पराहम् निराश हुन थाल्छ र उपाहम् सक्रिय हुन थाल्छ । सोमदत्तसँगको वासनाशून्य समागमबाट उसको उपाहम् तृप्त हुन सक्दैन त्यही भएर नै होला रजस्वला भएको चौथो दिनमा गरिने पुत्रेष्टि अनुष्ठान निकै कष्टकर लाग्दछ । यस्तो स्थितिमा निराश भएर पुलोमाले पुनः भिल्ल युवकलाई सम्झिन्छे । सोमदत्तको अनुपस्थितिमा भिल्ल युवकसँगको समागमको कल्पना गरेर भए पनि ऊ रमाउँछे । उसको पराहम्ले महाभारत, रामायण जस्ता पुस्तकको अध्ययनद्वारा उपाहम्को दमन गर्ने प्रयास गरे पनि उपाहम् दमित हुँदैन । उसले मेनका, विश्वामित्र, अहिल्या आदिका कुरा, इन्द्रले मुनिको भेस धारण गरेर कुनै मन पर्ने नायिकासँग मनोरञ्जन गरेको कुरा सम्झन थाल्छे र विगतमा भिल्ल युवकसँग व्यतित गरेका रमाइला क्षणहरू उसको मानस पटलमा झल्किन्छ (कोइराला, २०५८, पृ. ३४) । यसबाट पुलोमालाई अतृप्त कामवासनाले प्रताडित गरिरहेको स्पष्ट हुन्छ ।

> *सुम्निमाको प्रेरणाले उन्मत्त भएर हानिँदै पुगेको सोमदत्तले पुलोमालाई किराँत नारीको रूपमा देख्छ भने भिल्ल युवकलाई स्मृतिमा खेलाएर बसिरहेकी पुलोमाले भिल्ल पहिरनमा सिँगारिएको सोमदत्तलाई भिल्ल युवक नै देख्छे। (पृ. ५८)*

तीव्र आवेगका साथ आफूमाथि खसेको कालो आकृतिलाई पुलोमाले अस्वीकार गर्दिन। यस्तो पीडा वा आनन्दसँग त्यो रात बित्दछ। मानसिक रूपमा व्यभिचार नै सम्झे पनि त्यस रातको घटनाले दुवै दम्पतीलाई पछिसम्म स्फूर्ति तथा आनन्द दिइरहन्छ। लामो सयमपछि आनन्द पाउँदा दुवैको मन खुसी हुन्छ। उनीहरूमा पापपुण्यको छटपटी भए पनि परिपूर्णताको बोध भइरहन्छ। उनीहरू पापबोधलाई तर्कद्वारा चित्त बुझाउने प्रयास गर्दछन्। अर्को शब्दमा भन्ने हो भने आफ्नो कष्टकर एवम् आत्मसम्मानलाई चोट पुऱ्याउने कुनै व्यवहार वा विचारका लागि केही तर्कयुक्त वा औचित्य खोज्नु युक्तीकरण हो (भण्डारी, २०५६, पृ. ८८)। उनीहरूको उपाहम्ले फेरि त्यस प्रकारको सन्तुष्टि नखोजेको होइन तर एकको इच्छा हुँदा अर्काले अस्वीकार गर्ने हुँदा त्यो कार्य कहिल्यै सफल हुन सक्दैन।

पुलोमाले सोमदत्तलाई तिरस्कार गर्ने भिल्ल युवकको सम्झनामा लीन भइरहने हुनाले सोमदत्तले कटुशब्द प्रयोग गर्छ। त्यसपछि यिनीहरूबिच भनाभन हुन्छ र उनीहरूको सम्बन्धको झिनो तन्तु पनि चुँडिन्छ। पुलोमाले छोरा पाएपछि सोमदत्तले त्यसलाई सुम्निमाको मानस पुत्र ठाने पनि पुलोमाको पक्षबाट त्यो भिल्लको मानस पुत्र भएकोले सोमदत्तले छोरालाई यथेष्ट माया दिन सक्दैन। यसरी सोमदत्त र पुलोमा दुवैको ईर्ष्या, संशय र घृणाले एकआपसमा कटुता बढ्दै जान्छ र सँगै बसे पनि एक्लाएक्लै जीवन गुजार्छन्।

## निष्कर्ष

मनोविश्लेषणात्मक दृष्टिले यस उपन्यासका विभिन्न पात्रहरूमध्ये सोमदत्त र पुलोमा सर्वाधिक महत्त्वपूर्ण पात्र हुन्। यसमा सुम्निमा, सूर्यदत्त र बिजुवा पनि उल्लेखनीय छन्। सोमदत्त र पुलोमा असामान्य किसिमका पात्र हुन्। उनीहरूको व्यवहार स्वाभाविक र सामान्य किसिमको छैन। समय परिस्थिति अनुरूप चल्न नसकी उनीहरूले विभिन्न दुःख, कष्ट भोगेका देखिन्छन्। उनीहरूको विचार, भाव, र क्रियामा नियमितता, एकरूपता, स्थिरता, सङ्गति र समन्वय नपाइने भएकाले उनीहरूबिच सदैव मानसिक अन्तर्द्वन्द्व चलिरहन्छ। आफ्नो इच्छाअनुसार चल्ने, आफ्नो दुःख, कष्ट, इच्छा, अनिच्छा र प्रेमघृणाको भावना कसैसँग व्यक्त नगरी आफैँमा गुम्स्याएर राख्ने हुनाले तिनीहरू अन्तर्मुखी बन्न पुगेका छन्। उनीहरूको व्यक्तित्व सन्तुलित किसिमको देखिँदैन र उनीहरूमा संवेगात्मक परिपक्वता

पनि पाइँदैन । अन्तर्द्वन्द्वले ग्रस्त सोमदत्त र पुलोमाबिचको मानसिक अवस्था पनि स्वाभाविक र सन्तुलित किसिमको देखिँदैन । उनीहरू मूलतः परपीडन र स्वपीडन जस्ता काम विकृतिले ग्रस्त रहेका छन् । सुम्निमा मूलतः सोमदत्तको उपाहम्का इच्छा जागृत गराउने पात्रका रूपमा देखिन्छे । ऊभित्र आफ्नै अतृप्तिहरू पनि छन् । उसले लोग्नेलाई सोमदत्तको स्थानापन्न रूपमा ग्रहण गरेर सन्तुष्टि प्राप्त गर्दछे । उसले सोमदत्तको छोरालाई पुत्रवत् माया गरेर सोमदत्तलाई पाउन नसकेको क्षतिपूर्ति गर्दछे । सूर्यदत्तले सधैँ सोमदत्तको पराहम् जागृत गराउने कार्य गरेको छ । बिजुवा यस उपन्यासमा उपचारकका रूपमा देखा परेको छ । उसले सोमदत्त र पुलोमाको मानसिक समस्या ठम्याएको छ र त्यसको समाधानको उपचार पनि गरेको छ । उसकै उपचारद्वारा सोमदत्त र पुलोमाले पुत्रलाभ गरेका छन् ।

प्रस्तुत उपन्यास विशेषतः पात्रका उपाहम्को द्वन्द्व उद्घाटनमा केन्द्रित छ । अचेतनका प्रेरणाले मानव स्वभावमा पार्न सक्ने प्रभावलाई यस उपन्यासमा सफलतापूर्वक प्रस्तुत गरिएको छ । पात्रहरू स्वाभाविक इच्छा र कठोर आत्मानुशासनको चेपमा परेर अन्तर्द्वन्द्व ग्रस्त, कुण्ठित र तनावग्रस्त बन्न पुगेका देखिन्छन् । मनोविश्लेषणात्मक सिद्धान्तअनुसार तिनको मानसिक समस्याको समाधान पनि खोजिएको छ । यो उपन्यास दुई सभ्यताको सङ्गम जस्तो देखिन्छ तापनि ती दुई सभ्यता उपन्यासमा देखाउन खोजिएको कुरा मनुष्य शरीर र आत्माको सङ्गमस्थल हो । यसर्थ यस उपन्यासले शरीर र मन दुवैलाई सन्तुलन राख्नुपर्ने मनोवैज्ञानिक भावगत सन्देश दिएको छ ।

## सन्दर्भ सामग्री

काशिनाथ, ज्ञानराज (सन् १९७५), *आधुनिक हिन्दी नाटक मे सङ्घर्ष तत्त्व,* गायकवाड, पुस्तक संसार ।

कोइराला, खेमनाथ (२०४५), *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* श्री विद्या प्रकाशन ।

कोइराला, खेमनाथ (२०५८), *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* दोस्रो संस्करण, काठमाडौं पब्लिकेसन सर्भिस ।

कोइराला, जीवनचन्द्र (२०५३, सम्पा.), *विश्वेश्वरप्रसाद कोइराला,* विश्वेश्वरप्रसाद अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *सुम्निमा उपन्यास,* पाँचौं संस्करण, साझा प्रकाशन ।

ढकाल, भूपति (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण,* ए.बी.सी.प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०५७), *अप्रकाशित विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,* विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रि.वि., कीर्तिपुर ।

देवकोटा, काशीराम (२०६५), *विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासको विश्लेषण,* लुम्बिनी प्रकाशन ।

बराल, कृष्णहरि (२०७२), *मनोविश्लेषण र साहित्य,* दोस्रो संस्करण, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *नेपाली गद्य र नाटक,* विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, कमला र पोखेल, टीकादेवी (२०८०), *सुम्निमा उपन्यासमा रस विधान,* सिद्धज्योति शिक्षा जर्नल, अङ्क ५, पृ. १२३- १४० । https://www.nepjol.info/index.php/sij/article/view/63605

लामिछाने, शारदा (२०७८), मसान नाटकका नारी पात्रमा मनोद्वन्द्व, *प्रज्ञा,* अङ्क १२१, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १६१-१७१ ।

सिंह, लाभ र तिवारी, गोविन्द (सन् १९८४), *असामान्य मनोविज्ञान,* विनोद पुस्तक मन्दिर ।

## लेखक विवरण

*प्रकाशचन्द्र खत्री* जुम्ला बहुमुखी क्याम्पस जुम्लामा उप-प्राध्यापक हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएका खत्री खस भाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिको अध्ययन शीर्षकमा विद्यावारिधि शोधार्थी हुनुहुन्छ । नेपाली भाषा, साहित्य, शिक्षा र शिक्षणका क्षेत्रमा रुचि राख्नुहुने खत्रीले विभिन्न अनुसन्धानमूलक पत्रिकामा लेखहरू प्रकाशित गर्नुभएको छ । उहाँले खस जुम्ली भाषा र कर्णालीको लोकसाहित्य र संस्कृतिमा लघु-अनुसन्धान समेत गरिसक्नुभएको छ ।